# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, चैत्र १६ गते २०६० साल (अतिरिक्ताङ्क ७७

## भाग ३

श्री ५ को सरकार

शिक्षा तथा खेलकुद मन्त्रालयको

सूचना १

## शिक्षक सेवा आयोग (तेस्रो संशोधन) नियमावली, २०६०

शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यी नियमहरूको नाम "शिक्षक सेवा आयोग (तेस्रो संशोधन) नियमावली, २०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. <u>शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ मा संशोधन:</u> शिक्षक सेवा आयोग नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६घ को सट्टा देहायको नियम ६घ राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६घ अध्यापन अनुमतिपत्र लिनको लागि उम्मेदवार हुन नसक्ने: (१) देहायको व्यक्ति अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्ने छैन :-

(क) गैरनेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) मगज बिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) नियम ९ बमोजिमको शैक्षिक योग्यता नभएको,

(छ) नियम ९ बमोजिमको तालिम नलिएको ।

(२) उपनियम (१) को खण्ड (क) र (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति यो उपनियम प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्रको लागि लिइने पहिलो परीक्षामा उम्मेदवार हुन सक्नेछ :-

(क) संवत् २०४७ साल वैशाख १ गते भन्दाअघि शिक्षक पदमा नियुक्ति पाई यो नियम प्रारम्भ हुँदाका बखतसम्म निरन्तर रूपमा काम गरिरहेको गैरनेपाली नागरिक,

(ख) संवत् २०५२ सालमा प्रकाशित विज्ञापनबमोजिम स्थायी रूपमा शिक्षकको पद पूर्ति हुँदा अस्थायी शिक्षकबाट हट्न गएको व्यक्ति

(ग) यो नियम प्रारम्भ हुँदाका बखत अस्थायी शिक्षकको हैसियतले कम्तीमा एक वर्षदेखि काम गरिरहेको व्यक्ति ।"

३. <u>मूल नियमावलीको नियम ९ मा संशोधन:</u> मूल नियमावलीको नियम ९ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपनियमबमोजिम तालिम नलिएका महिला वा अपाङ्ग यो उपनियम प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्र वा शिक्षक पदको लागि हुने पहिलो परीक्षामा उम्मेदवार हुन सक्नेछ।"

४. मूल नियमावलीको नियम १० मा संशोधन: मूल नियमावलीको नियम १० को खण्ड (छ) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

"(१) यो उपखण्ड प्रारम्भ हुँदाका वखत कम्तीमा एक वर्षसम्म अस्थायी शिक्षकको रूपमा काम गरिरहेको व्यक्ति वा संवत् २०५२ सालमा प्रकाशित विज्ञापनबमोजिम स्थायीरूपमा शिक्षकको पद पूर्ति हुँदा अस्थायी शिक्षकबाट हट्न गएको व्यक्ति यो उपखण्ड प्रारम्भ भएपछि हुने पहिलो विज्ञापन अन्तर्गतको परीक्षामा उम्मेदवार हुन,"

५. मूल नियमावलीको नियम ३२ मा संशोधन: मूल नियमावलीको नियम ३२ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) यो उपनियम प्रारम्भ हुँदाको वखत कार्यसम्पादन मूल्याङ्कन गराइनसकेको शिक्षकले यो उपनियम प्रारम्भ भएको ६ महिनाभित्र यस नियमबमोजिम कार्यसम्पादन मूल्याङ्कन गराउन सक्नेछ।"

## सूचना २

## शिक्षा (दोस्रो संशोधन) नियमावली, २०६०

शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "शिक्षा (दोस्रो संशोधन) नियमावली, २०६०" रहेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०५९ को नियम ११ मा संशोधन: शिक्षा नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ ।

"(२क) उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थाले निजी गुठीको रूपमा विद्यालय सञ्चालन गर्ने गरी कुनै विद्यालयलाई भवन वा जग्गा दानदातव्य दिएमा त्यस्तो विद्यालय निजी गुठीको रूपमा सञ्चालन गर्न सकिनेछ ।"

३. मूल नियमावलीको नियम ११३ मा संशोधन: मूल नियमावलीको नियम ११३ को उपनियम (२) मा रहेका "आधाभन्दा कम" भन्ने शव्दहरू पछि "र अधिकतम रकम समान पदको वहालवाला शिक्षकको तलबको सुरु स्केल भन्दा बढी" भन्ने शव्दहरू थपिएका छन् ।

४. मूल नियमावलीको नियम ११४ मा संशोधन: मूल नियमावलीको ११४ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) एकपटक निवृत्तभरण पाउने गरी अवकाश भएको व्यक्ति पुन: शिक्षक पदमा नियुक्ति भएमा निजले चाहेमा अघिल्लो सेवा अवधि गणना गरिनेछ ।"

५. मूल नियमावलीमा नियम ११४क. र ११४ख. थप: मूल नियमावलीको नियम ११४ पछि देहायका नियम ११४क. र ११४ख. थपिएका छन् :-

"११४क. नोकरी अवधि गणनासम्बन्धी कार्यविधि : (१) नियम ११४ बमोजिम नोकरी अवधि गणना गराउन चाहने वहालवाला शिक्षकले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र र यो नियम प्रारम्भ भएपछि नियुक्त हुने शिक्षकले नियुक्ति पाएको मितिले एक वर्षभित्र शिक्षक किताबखानाबाट त्यस्तो नोकरी अवधि गणना गराउनुपर्नेछ । सो अवधिपछि त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नोकरी अवधि गणना गरिनेछैन ।

(२) शिक्षक सेवाबाट उपदान पाउने गरी अवकाश पाएको कुनै शिक्षकले शिक्षा सेवामा पुनः स्थायी नियुक्ति पाई उपनियम (१) बमोजिम नोकरी अवधि गणना गराउने भएमा निजले पहिले लिएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी अवधि गणना गरिनेछ ।

(३) उपनियम (१) बमोजिम नोकरी अवधि गणना गराउने शिक्षकले पहिलेको नोकरी अवधिमा अध्ययन विदा, असाधारण विदा, औषधि उपचार खर्च र बीमा रकम लिएको भए त्यसको विवरण शिक्षक किताबखानामा पेस गर्नु पर्नेछ ।

११४ख. नोकरी अवधि निर्धारण सिफारिश समिति: (१) नियम ११४ को खण्ड (क) बमोजिमको अवस्थामा शिक्षकको नोकरी अवधि गणना गर्ने सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा त्यस्तो नोकरी अवधि यकिन गरी शिक्षक किताबखानालाई सिफारिस गर्न जिल्लास्तरमा देहायबमोजिमको एक नोकरी अवधि निर्धारण सिफारिस समिति रहनेछ :-

(क) जिल्ला शिक्षा अधिकारी - अध्यक्ष

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि- सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

(२) उपनियम (१) बमोजिमको समितिको बैठक लगायत अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ :-

६. मूल नियमावलीमा नियम १२१क थप: मूल नियमावलीको नियम १२१ पछि देहायको नियम १२१क. थपिएको छ :-

"१२१क. निवृत्तभरण र तलब दुवै एकैसाथ नपाउने: यस नियमावलीबमोजिम निवृत्तभरण पाउने गरी अवकाश पाएको कुनै व्यक्ति सामुदायिक विद्यालयको शिक्षक पदमा पुनः स्थायी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियुक्ति भएमा त्यसरी नियुक्ति भई कार्यरत रहेको अवधिभर निजले निवृत्तभरण पाउनेछैन।"

७. मूल नियमावलीको नियम १२५ मा संशोधन: मूल नियमावलीको नियम १२५ को उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) प्रतिनिधि, जिल्ला शिक्षक युनियन - सदस्य"

८. मूल नियमावलीको नियम १२८ मा संशोधन: मूल नियमावलीको नियम १२८ को उपनियम (१) मा रहेका "संवत् २०५९ साल वैशाख १ गते पछि" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिपछि" भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले,

विद्याधर मल्लिक

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।